*Received: January 11*
*Revised: April 6*
*Accepted: April 23*


# उर्वशी खण्डकाव्यमा अन्तर्द्वन्द्व
# Antardvandva: in Urvashi Khandakavya

डा. ठाकुरप्रसाद Thakur Prasad पोखेल Pokhrel
सह-प्राध्यापक नेपाली विभाग
मेची बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
tpokhrel6@gmail.com

**लेखसार**

सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्यका पात्रहरूमा विकसित अन्तर्द्वन्द्वको विश्लेषण यो लेखमा गरिएको छ । वनवासमा रहेका अर्जुन इन्द्रलोक पुगेपछि उनको तेज र वीरताबाट उर्वशी आकर्षित बनेकी छन् । उनी कामातुर अवस्थामा अर्जुनको शयनागार पुगेर आफ्नो उद्देश्य पूर्ति गर्न चाहछिन् । खण्डकाव्य अर्जुन इन्द्रिय नियन्त्रण गरेर सत्य, न्याय र विजयको लक्ष पूरा गर्न लागेको प्रसङ्गमा आधारित छ । खण्डकाव्यमा अर्जुन र उर्वशीका भिन्न चाहनाका कारण अन्तर्द्वन्द्व विकसित भएको छ । प्रस्तुत लेखमा विषयपरिचय, द्वन्द्वसिद्धान्त, द्वन्द्वको ऐतिहासिक अवस्था, द्वन्द्वको प्रकार, उर्वशी खण्डकाव्यमा द्वन्द्व, सकारात्मक-साकारात्मक अन्तर्द्वन्द्व, नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व, सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व आदि उपशीर्षकका आधारमा विश्लेषण गरिएको छ । काव्यका पात्रहरूमा के कस्तो समस्या रहेको छ ? भन्ने प्राज्ञिक समस्याको समाधान खोज्ने कार्यसँगै काव्यमा अन्तर्द्वन्द्व रहेको निष्कर्ष निकालिएको छ ।

**Abstract**

This article examines the development of conflict in the characters of Siddhicharan Shrestha's Urvashi Khandakavya. Urvashi was captivated by Arjun's brilliance and courage after he reached Indralok, who was in exile, and she was attracted by his arrival. She intends to accomplish her mission by entering Arjuna's bedroom in a state of desire. Khandakavya is based on the context of Arjuna, who is on the verge of attaining the goals of truth, justice, and victory by mastering his senses. Due to Arjuna and Urvashi's divergent aspirations, conflict has developed in the Khandakavya. Based on subheadings, this article analyzes the topic introduction, conflict theory, historical context of conflict, categories of conflict, conflict in Urvashi Khandakavya, positive-positive conflict, negative-negative conflict, positive-negative conflict, etc. What kinds of problems do the poem's protagonists face? The conclusion has been reached that there is a contradiction between poetry and the academic problem-solving endeavor.

*शब्दकुञ्जीः* असुर, इन्द्रिय, क्षणभङ्गुर, मनोकाङ्क्षा, मोह, द्वित्व,

*Keywords: Asura, sense, impermanence, desire, ardor, duality*

**विषय-परिचय**

सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९) क्रान्तिकारी भाव एवम् विचार प्रस्तुत गर्ने कवि हुन् । उनको (१९८४) सालदेखि सुरु भएको कविता लेखनयात्रा १९९७ साल कारावास प्रवेशपछि अघि बढेको देखिन्छ । प्राकृतिक सुन्दरता, यथार्थताका साथै तत्कालीन राणाशासनद्वारा भएका अन्याय, अत्याचार, नृशंस व्यवहार, मानसिक वेदना, पीडामिश्रित कविता प्रस्तुत भएका छन् । साथै मानवतावाद, राष्ट्रियता, क्रान्तिकारी भावना उनका कविता-काव्यमा व्यक्त भएका छन् । श्रेष्ठका मेरो प्यारो ओखल ढुङ्गा, विश्वव्यथा, क्रान्तिविना हुँदैन शान्ति, कोपिला, मेरो प्रतिबिम्ब, उर्वशी, जुनकिरी आदि कविता-काव्यहरू प्रकाशित भएका छन् । श्रेष्ठ व्यवस्था परिवर्तनका लागि विद्रोही भावनाका साथै समानता, स्वतन्त्रता, राष्ट्रिय स्व-अस्तित्वको रक्षाका निम्ति कलम चलाउने व्यक्ति हुन् । उनका कवितामा द्वन्द्वद्वारा नै सामाजिक मूल्यमान्यता परिवर्तन हुनुपर्दछ भन्ने धारणा व्यक्त भएको पाइन्छ । शासकहरू समाजलाई अन्धकारमा राखेर भोगविलासमा लागेका र हत्या, हिंसाद्वारा स्वार्थ पूरा गर्ने प्रवृत्तिका विरुद्ध लागेका कवि जेल परेपछि सिर्जित उर्वशी खण्डकाव्य पात्रका मानसिक अन्तर्द्वन्द्वमा आधारित छ । वासुदेव त्रिपाठीले *सिंहावलोकन* (२०२८) मा कवि सिद्धिचरण श्रेष्ठ पात्रका अन्तर्द्वन्द्वलाई चित्रण गर्ने कवि हुन् भनेका छन् । आनन्ददेव भट्टले *साझा समालोचना* (२०४४) मा सिद्धिचरण श्रेष्ठलाई प्रकृति, प्रणय

र विद्रोही भावना व्यक्त गर्ने, पात्रका अतृप्त चाहनाको चित्रण गर्ने कविका रूपमा स्थापित भएका व्यक्ति भनेका छन् । रत्नध्वज जोशीले *साझा समालोचना* (२०४४)मा उर्वशी खण्डकाव्यमा दुई भिन्न विचारका पात्रहरूलाई सहानुभूति प्रदान गर्दै तिनका मनोभावना प्रस्तुत गर्ने कवि भएको विचार उल्लेख गरेका छन् । राममणि रिसालले *नेपाली काव्य र* कवि (२०४५) मा भोगेच्छाको चाहना राखेर उर्वशी अर्जुनलाई मोहित गराउन चाहे पनि असफल बनेको प्रसङ्ग उल्लेख गरेका छन् । यसरी विभिन्न समीक्षकहरूले उर्वशी खण्डकाव्य मानसिक अन्तर्द्वन्द्वका कारण उत्कृष्ट रहेको विचार प्रस्तुत गरेका छन् । यो लेखमा उर्वशी खण्डकाव्यका अर्जुन र उर्वशीबिच विकसित अन्तर्द्वन्द्वको विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक गरी दुई किसिमका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा सिद्धिचरण श्रेष्ठका काव्यकृति र तिनीसँग सम्बन्धित लेख र पुस्तकको प्रयोग गरिएको छ । द्वितीयक सामग्रीका रूपमा द्वन्द्वसिद्धान्त र मनोविज्ञानअनुसार मानसिक द्वन्द्व के कस्तो हुन्छ भन्ने प्रसङ्गसँग सम्बन्धित विषयका फुटकर लेखहरू र पुस्तकको उपयोग गरिएको छ । यस्ता सबै सामग्रीहरू पुस्तकालयबाट प्राप्त भएका छन् । यो लेखमा विशेषतः द्वन्द्वसिद्धान्तलाई आधार बनाइएको छ । उक्त सिद्धान्तले प्रतिपादन गरेका निर्देशित मान्यतानुसार खण्डकाव्यका पात्रमा अवस्थित अन्तर्द्वन्द्वको चर्चा गरिएको छ ।

## द्वन्द्वसिद्धान्त

'द्वि' शब्दको द्वित्वद्वारा द्वन्द्व शब्दको निर्माण भएको पाइन्छ । संस्कृत हिन्दी कोशका अनुसार द्वन्द्वको अर्थ- जन्तु, मनुष्यका स्त्री-पुरुष, भाले-पोथी, दुई वस्तुको जोडा, दुई विरोधी अवस्था या गुणको जोडा,(जस्तै सुख-दुःख, ज्ञान-अज्ञान, शीत-उष्ण) झगडा, लडाइँ, कलह, युद्ध, कुस्ती, सन्देहलाई द्वन्द्व भनिन्छ (आप्टे, सन् १९९७, पृ.२५८) । एडभान्स लर्नर डिक्सनरीमा द्वन्द्वलाई कन्फ्लिक्ट भनिएको छ । अर्थात् द्वन्द्व भनेको त्यस्तो परिस्थिति हो जहाँ विपरीत विचार, धारणा र भावनामध्ये कुनलाई छान्ने भन्ने समस्या हुन्छ । हिन्दी साहित्य कोशका अनुसार द्वन्द्वको वास्तविक अर्थ वादविवाद गर्नु वा हुनु हो । दुई भिन्न वैचारिक द्वन्द्वबाट सत्यको उत्पत्ति हुन्छ र सत्य प्राप्तिका लागि द्वन्द्व मुख्य बौद्धिक साधन हो (वर्मा, सन् २००८, पृ.२९२) । नेपाली वृहत् शब्दकोशका अनुसार द्वन्द्व भनेको कुनै वस्तुको जोडा, परस्पर विरोधी तत्त्वको जोडा, दुई व्यक्तिबिचको झगडा, कलह, सङ्घर्ष, द्विविधा हो (पोखरेल, २०४०, पृ.६७७) ।

द्वन्द्व भनेको दुई वा दुईभन्दा बढी इच्छा वा आवश्यकताहरूका विपरीत अवस्था, गुण, प्राणी, वस्तु, विचार, भावना वा धारणा हो । सामान्य रूपमा प्राणी वा वस्तुमा उत्पन्न हुने विपरीत विचार, धारणाबिच हुने झगडा वैरभाव, दुस्मनी, लडाइँ, सन्देह, द्विविधालाई द्वन्द्व भनिन्छ ।

## द्वन्द्वको ऐतिहासिक अवस्था

द्वन्द्वको इतिहास ब्रह्माण्डको सृष्टिबाटै आरम्भ भएको मानिन्छ । पूर्वमा यसको चर्चा पौराणिक ग्रन्थहरूमा भएको पाइन्छ भने पश्चिममा ई.पू. पाचौं शताब्दीको ग्रीक दर्शनमा उल्लेख भएको छ । पूर्व-पश्चिम दुवैतर्फ चिसो-तातो, शान्ति-क्रान्तिबिचको द्वन्द्वबाट संसारको सृष्टि भएको पाइन्छ । द्वन्द्वद्वारा नै संसारको सृष्टि भएको हो भन्ने पौराणिक मान्यता रहेको छ । अठार पुराणमा सृष्टि र प्रलयसम्बन्धी धेरै कथाहरू रहेका छन् । संसारको निर्माण सृष्टि र प्रलयको योगबाट भएको हो । राक्षस रूपी असत् तत्त्व र देव रूपी सत् तत्त्वबिच द्वन्द्व भएको छ । शक्तिसम्पन्न बनेका राक्षस र देवताबिच द्वन्द्व भएर असत्को विनाश भई सत्यको विजय भएको छ । सृष्टिका क्रममा देवता र दानव मिलेर मन्दराचल पर्वतलाई मदानी बनाई समुद्र मन्थन गर्दा अमृत र विषसहित धेरै विपरीत खालका वस्तुहरू उत्पन्न भई भिन्न-भिन्न तत्त्वहरूबाटै ब्रह्माण्डको विकास भएको उल्लेख गरिएको छ । पूर्वीय दर्शनमा सृष्टिको क्रमसँगै द्वन्द्व सुरु भयो । सिर्जनामा दुई भिन्न तत्त्वको योग हुनुपर्छ भन्ने मान्यताको विकास भएको हुँदा द्वन्द्व अनादि कालदेखि नै हुँदै आएको पाइन्छ (पन्त, २०६२, पृ.४) ।

पश्चिममा द्वन्द्वलाई डाइलेटिक्स भनिन्छ । यो ग्रीक शब्द 'डाइले गो' बाट विकसित भएको हो । यो छलफल गर्नु, वादविवादगर्नु भन्ने अर्थमा प्रयोग भएको छ । द्वन्द्वको चर्चा, र प्रयोग हेरेक्लाइटिस, परमेनाइडिज, हिगेल, कार्लमार्क्सजस्ता चिन्तकहरूबाट भएको पाइन्छ । हेरेक्लाइटिसको दार्शनिक चिन्तनमा सांसारिक घटनाभित्र द्वन्द्वात्मक रूप भएको हुन्छ । उनका अनुसार विश्वको परिणाम गतिशील हुनु हो तर सबै कुरा अनित्य छन् । संसारमा उत्पत्ति र विनाश निश्चित छ । जीवनजगत्को सर्जक र पोषक तत्त्व द्वन्द्व हो र द्वन्द्वबाटै न्याय प्राप्त हुन्छ । यसैबाट गहन तत्त्वज्ञान प्राप्त हुन्छ (श्रीवास्तव, सन् १९६८, पृ.६५) । परमे नाइडिजका अनुसार विश्वमा देखापरेका घटना परिस्थितिको स्रष्टा नै द्वन्द्व हो । सम्पूर्ण इन्द्रिय सत्-असत्, चिसो-तातो, गति-अगति, प्रकाश-अन्धकारजस्ता विरोधी तत्त्वहरू द्वन्द्वका रूप हुन् । उनका अनुसार द्वन्द्वलाई पक्ष र विपक्ष वा अन्तर्विरोधी वस्तुका रूपमा लिइन्छ । हिगेलका अनुसार विवेक शक्तिलाई सहज रूपमा कार्य अग्रसर गराउन र यसको स्वरूप निर्धारण गर्न द्वन्द्वात्मक तर्कको आवश्यकता पर्दछ । सत् र असत् पक्षका बिच द्वन्द्वको मुख्य

भूमिका रहेको हुन्छ । (पृ.७३) द्वन्द्ववादको ऐतिहासिक शृङ्खलामा कार्लमार्क्सको महत्त्वपूर्ण भूमिका रहेको भेटिन्छ । मार्क्स र एङ्गेलसको संयुक्त प्रयासबाट द्वन्द्वात्मक भौतिकवादी दर्शनको जन्म भयो । लेलिनले द्वन्द्वात्मक भौतिक वादलाई गतिशील बनाएका छन् । उनले विरोधी पक्षको एकता र सङ्घर्षलाई द्वन्द्ववादको मुख्य तत्त्व स्वीकार गरेका छन् । यसलाई स्टालिन, माओत्सेतुङले अघिबढाए । स्टालिनले द्वन्द्वात्मक भौतिक वादको वैज्ञानिक रूपमा विश्लेषण गरेका छन् । माओत्सेतुङ्ले द्वन्द्ववादलाई समकालीन विश्वपरिस्थिति र समाजवादी सिर्जनात्मक तत्त्वका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार असलको विकास खराबसँग लड्दा मात्र हुन्छ । जनता र शत्रुबिच देखिने अन्तर्विरोध एकै किसिमको हुँदैन । त्यसैले तिनको समाधान पनि भिन्न तरिकाबाट गरिनुपर्दछ (वैद्य, २०४८, पृ.२९) ।

## द्वन्द्वका प्रकार

द्वन्द्व मुख्यतः दुई किसिमका हुन्छन् (क) बाह्य र (ख) आन्तरिक । यसको प्रभाव मानवजीवनमा परेको हुन्छ । बाह्य वा भौतिक रूपमा गरिने द्वन्द्वकै कारण आन्तरिक द्वन्द्व जन्मन्छ । (क) बाह्य द्वन्द्व- बाह्य द्वन्द्व व्यक्ति-व्यक्ति, एक व्यक्तिले धेरै व्यक्तिसँग वा सिङ्गो समाजसँग अथवा एक राष्ट्रको अर्को राष्ट्रसँग भएको द्वन्द्वसँग सम्बन्धित हुन्छ । बाह्य द्वन्द्व हुँदा एउटा पक्ष दमनकारी र अर्को पक्ष चाहिँ रक्षणकारी बनेर रहन्छ (काशीनाथ, सन् १९७५, पृ.४१) । मार्क्सले विकास गरेको द्वन्द्वात्मक भौतिकवाद शोषित र शोषक वर्गकाबिच केन्द्रित हुने भएकाले वर्गसङ्घर्षलाई समाज, समाजबिचको द्वन्द्वभित्र राखिएको छ । पारिवारिक, आर्थिक, राजनीतिक आदिलाई बाह्य द्वन्द्वका उपकरण मानिएको छ । समाजशास्त्रीहरू सामाजिक परिवर्तनका लागि द्वन्द्वको आवश्यकता रहेको उल्लेख गर्दछन् । लेनिनले वस्तुलाई वास्तविक रूपमा चिन्न, आत्मगतिमा हेर्न र समाज परिवर्तन गर्न द्वन्द्व अपरिहार्य हुन्छ भनेका छन् (आफ्नास्योभ, २०४५, पृ.८०) । यसरी मार्क्सवादीहरू समाज गतिशील हुनका लागि वर्गसङ्घर्षको निरन्तरता र आवश्यकता रहेको हुन्छ भन्ने गर्दछन् । (ख) आन्तरिक द्वन्द्वः– आन्तरिक द्वन्द्वको विकास व्यक्तिका मनमा उत्पन्न अनेक द्विविधाहरूबाट हुन्छ । यो मानसिक अवस्थासँग सम्बद्ध हुने भएकाले यसको सञ्चालन मानव मनद्वारा हुन्छ । मनोविज्ञानमा द्वन्द्व शब्दका लागि अन्तर्द्वन्द्व प्रयोग भएको पाइन्छ । यसको अर्थ दुई वा दुईभन्दा धेरैपरस्पर विरोधी इच्छाहरू एकसाथ उत्पन्न हुनु हो । व्यक्तिले एउटा इच्छा पूर्ति गर्न अर्को इच्छा दमन गर्दा अन्तर्द्वन्द्वको उद्भव हुन्छ (श्रीवास्तव र अन्य, सन् २००१, पृ.७६) । व्यक्तिका मनभित्र दुईवटा सद्भावना सकारात्मक–सकारात्मक धारणा समान रूपमा उपस्थित भएपछि व्यक्तिमा कसलाई महत्त्व दिने भन्ने सङ्कट उत्पन्न हुने अवस्थालाई सद्भावनामूलक अन्तर्द्वन्द्व भनिन्छ ।

साहित्यिक दृष्टिबाट हेर्दा नाटक, उपन्यास, महाकाव्य, कथाजस्ता साहित्यका विभिन्न विधामा प्रयुक्त द्वन्द्वको वैज्ञानिक अध्ययनलाई नै द्वन्द्वविधान भनिएको पाइन्छ । यसरी उत्पन्न हुने आन्तरिक र बाह्य द्वन्द्वमध्ये साहित्यमा आन्तरिक द्वन्द्वको व्यापकता हुने गर्दछ । भौतिक रूपमा हुने द्वन्द्व यदाकदा देखापरे पनि अधिकांश कृतिका पात्रहरूमा आन्तरिक द्वन्द्व रहेको भेटिन्छ । यसलाई मनोवैज्ञानिकहरूले मानसिक द्वन्द्व भन्ने गर्दछन् । पात्रका मनमा सकारात्मक र नकारात्मक रूपमा उत्पन्न हुने द्वन्द्वलाई मनोवैज्ञानिक कुर्टलेविनले सकारात्मक–सकाकरात्मक, नकारात्मक–नकारात्मक र सकारात्मक–नकारात्मक द्वन्द्व भनी वर्गीकरण गरेको भेटिन्छ । यसैका आधारमा उर्वशी खण्डकाव्यभित्र प्रयुक्त अन्तर्द्वन्द्वलाई हेरिएको छ ।

## उर्वशी खण्डकाव्यमा अन्तर्द्वन्द्व

महाभारतमा पाँचपाण्डव र कौरवमा पारिवारिक अस्तित्व, सत्य-असत्य, नैतिक-अनैतिक व्यवहारका बिच अन्तर्द्वन्द्व बीजका रूपमा विकसित भएको छ । पाण्डवहरू वनवासमा रहेका समय अर्जुन युद्धका लागि शक्ति (अस्त्र) सञ्चय गर्न घुम्दै इन्द्रलोकमा पुगेपछि कथावस्तु आरम्भ भएको छ ।

स्वर्ग र पृथ्वीका दुई भिन्न विचार र चाहना भएका चरित्रहरूको उपस्थितिबाट अघिबढेको काव्य उर्वशीले अर्जुनलाई पुरुषत्वहीन बन्नु भनी श्राप दिएसम्म विस्तार भएको छ । वीर, तेजस्वी अर्जुनको सौन्दर्यबाट आकर्षित उर्वशी कामातुर बनेकी छन् भने अर्जुन इन्द्रियलाई वशमा राखेर सत्य, न्याय र विजयको लक्ष पूतितर्फ लागेका देखिन्छन् । इन्द्रियका वशमा रहेको मन र चैतन्यका निकट रहेको बुद्धिबिच भएको अन्तर्द्वन्द्व खण्डकाव्यमा प्रस्तुत छ । श्रेष्ठले भूमिकामा श्रीमद्भागवत्गीता तेस्रो अध्यायको ४२ श्लोक उद्धृत गर्दै इन्द्रियका वशमा पर्नु हुन्न भन्ने सङ्केत गरेका छन् । साङ्ख्य दर्शनका अनुसार मन र बुद्धि अलग हुँदा विपरीत खालको व्यवहार गर्ने प्रवृत्ति देखिन्छ । बुद्धिले नियन्त्रण गर्न नसकेको मन इन्द्रियका रथमा आसीन भएपछि आवेगमय बन्न पुग्दछ तर इन्द्रियबाट अलग भएर मन बुद्धिअनुसार कार्य गर्न लाग्दा वासना रहित बन्दछ । इन्द्रियका निकट रहेको मनभन्दा पर अहङ्कार र त्यसदेखि पर बुद्धि रहन्छ । यो अचेतन भए पनि चेतनवत् रहेको हुन्छ र मनचाहिँ अन्तरिन्द्रिय हो (शर्मा, सन्२०१३, पृ.१५२) ।

उर्वशी खण्डकाव्यमा उर्वशी र अर्जुन दुई भिन्न मानसिक चाहना भएका चरित्रहरू हुन् । एक जनामा कामेच्छा प्रबल भएकाले सन्तुष्टिको चाहना रहेको छ भने अर्कामा भौतिक आनन्द क्षणिक, तुच्छ हुने भएकाले आध्यात्मिक आनन्द नै

कालजयी हुन्छ भन्ने मान्यता रहेको हुँदा दुई पात्रबिच अन्तर्द्वन्द्व देखापरेको छ । यहाँ कुर्ट लेविनद्वारा प्रतिपादित द्वन्द्वसिद्धान्तका आधारमा प्रस्तुत खण्डकाव्यको विश्लेषण गरिएको छ ।

**(क) सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व**

व्यक्तिका मनमा राम्रो लाग्ने कुनै दुई वस्तुमध्ये एउटालाई छनोट गर्नुपर्दा के गर्ने र कसलाई अँगाल्ने भन्ने अन्तर्द्वन्द्व देखापर्दछ । उदाहरणका रूपमा दुधजन्य पदार्थ र मासु दुई चिज एकैपटक खान नमिल्ने तर दुवै मिठो लाग्ने भएकाले कसलाई रोज्ने भन्ने समस्या देखापर्दछ । त्यस्तै अविवाहित युवालाई मन परेका सुन्दर दुईवटी कन्यामध्ये एउटीलाई छनौट गर्नुपर्दा कसलाई चयन गर्ने भन्ने कुराको अन्तर्द्वन्द्वले सताउँछ (सुलेमान र तैबाब, सन्२००४, पृ.११९) ।

उर्वशी खण्डकाव्यमा बाल्यकालीन स्वतन्त्रता देखेर म पात्रभित्र स्वप्नमहलहरू पत्रैपत्रका रूपमा रहेकाले अन्तर्द्वन्द्व विकसित भएको छ । प्रफुल्ल मानसिक अवस्था, प्राकृतिक सुन्दरता र उच्च आकाङ्क्षाका कारण काव्यमा सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्वको विकास हुनपुगेको छ ।

शितलताको सुन्दरताको
शीतल सुन्दर थलमा
सामल लेऊ मनको हरियो-
पुग्नु छ नन्दन वनमा । (श्रेष्ठ, २०५८, पृ.३)

खण्डकाव्यभित्र स्वर्गमा अवस्थित सौन्दर्यको वर्णन गर्दै शान्ति, सुधाको वर्षा हुने भएकाले सबैको मन आकर्षित हुनपुग्दछ । दुःखित मानसिकतालाई सुमधुर साङ्गीतिक झङ्कारले आनन्दानुभूति गराउँछ । बालकको तोतेबोलीजस्तो आवाजमा सबै मानवलाई भुलाउने स्वर्गीय वातावरणको वर्णन हुँदा सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व रहेको पाइन्छ । जटिलता, दुःख, कष्टरहित स्वर्ग आनन्ददायक पावन सुख-सागरमा अमृत वर्षा भएझैं लाग्दछ । ऋतुराजका रूपमा प्रकृतिले राज्य गरेको अमरावती सहरको अवस्था हेर्दा आमाको काखमा रहेको आनन्दानुभूति गराउने खालको छ । यहाँ सौन्दर्य वर्णन गर्ने क्रममा सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व विकसित भएको छ । प्रेम, मिलनको हर्षाश्रु प्रवाहित हुँदाको सुखद अनुभूति गराउने प्रसङ्ग रहेको छ ।

स्नेहालिङ्गनको लतिकाले
यो आवाद रहन्छ
प्राण डढेको पनि हरियो भै
जसमा लहलह हुन्छ । (पृ.१०)

नन्दन वन प्राकृतिक सुन्दरतायुक्त फलफूलले सुशोभित रहेको स्थान कोइलीको सुमधुर गुञ्जन मृगशावक निर्भय अवस्थामा क्रीडा गरिरहेको दृश्यले हर्षातिरेक गराएको छ । अभ्यागतको सम्मानका निम्ति तत्परता देखाउने प्रयाश हुन्छ । त्यहाँका वनमा रहेको प्राकृतिक सौन्दर्य र अप्सराको आकर्षणयुक्त अवस्थाले सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व सशक्त बन्न पुगेको छ । त्यही वनको मार्ग हुँदै रूपकी रानी उर्वशी कोमल, लावण्ययुक्त अवस्थामा उपस्थित हुँदाको शारीरिक शोभा वर्णन गरिएको छ । अत्यन्त शोभायमान उनको रूपले कठोर मनलाई पनि विफल गराउने रूपको वयान गरिएको छ-

कतिकी राम्री कतिकी ताजी
कतिकी छाँट परेकी,
यौवन-वनमा मस्त भईकन
सुन्दर फूल खिलेकी (पृ.२२)

उर्वशीमा आफ्नो सौन्दर्यपूर्ण अवस्थाले गर्दा म सबैलाई मोहित गराउन सक्छु भन्ने अहम् रहेको पाइन्छ । मनोविज्ञानका अनुसार अहम्का कारण नैतिक चेतनाका साथै आफूलाई 'म केही हुँ, मजति सुन्दर, विशिष्ट अरू कोही छैन' भन्ने धारणा रहेको हुन्छ । ऊ अरूलाई सामान्य ठानी आफू नै सक्षम हुँ भन्ने भावनाद्वारा प्रेरित हुनपुग्दछ (शर्मा सन्१९७४, पृ.३१०) । अर्जुनको सौन्दर्यबाट आकर्षित भएकी उर्वशी आफू लाज पचाएर आराध्य शक्तिप्रति समर्पित भएको ठान्दछिन् । अर्जुनलाई आकर्षित गराउन आफूमा बल, छल, मोह, जादू गर्नसक्ने क्षमता प्राप्त होस् भन्ने चाहना व्यक्त गर्दछिन् । जन्मभर गरेको पुण्य कामलागोस्, जोश, साहस प्राप्त भई चाहनारूपी व्रत पूर्ण हुनुपर्छ भन्ने कामना गरिएको छ । आफूलाई देख्ने जति सबै सौन्दर्य पाशोबाट उम्कन सक्दैनन् भन्ने धारणा यहाँ प्रस्तुत छ-

धत् रे लाटी तँलाई हेरी
को उम्कन सक्ला

तेरो 'आऊ'-मा 'नाइँ'-को
उत्तर कसले जोड्ला ? (श्रेष्ठ, २०५८, पृ.२९)

काव्यमा उर्वशी आफ्नो मोहिनी रूप र अर्जुन दुवैप्रति आकर्षित भएर अन्तर्द्वन्द्वमा परेकी छन् । उर्वशी अर्जुनलाई प्राप्त गर्ने चाहनाले आफू भिखारी हुनुका साथै जन्मान्तरसम्म उनैको दासी भएर रहने विचार राख्दछिन् । उनी मलाई पाल या मार, मेरा मालिक तिमी नै हौ भनी समर्पित भएकीछन् । अर्जुनको उपस्थितिले आफूलाई मनभित्र कसैले घाउ बनाएजस्तो ठान्ने उर्वशी आफू हिँडेकी नभई हिँडाइएको ठान्दछिन् । आफूजस्तै ऊ (अर्जुन) पनि घाइते हृदय लिएर मध्य रातमा जागा भइरहेको होला भन्दै अर्जुनको शयनागारतर्फ लाग्दछिन् । जस्तोसुकै कठोर हृदयलाई पनि द्रवित पार्ने शक्ति अर्जुन र आफ्नो सौन्दर्यबाट सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व भएको छ । निद्रामा रहेका अर्जुनका निकट उर्वशी बालकजस्तै सुटुक्क पुगेपछि उनमा अन्तर्द्वन्द्व अझ सशक्त बनेको छ-

नजर उठाइ अलिकति हेर्छिन्,
रुक्छिन्-बढ्छिन् खुम्चिन्छिन्,
निद्रित जानी साहस झिक्छिन्
अलि पर गई उभिन्छिन् । (पृ.३३)

उर्वशीलाई के गर्ने र के नगर्ने भन्ने द्विविधाले सताएको छ । उनी हिँड्दा पाउजुको ध्वनी, चञ्चल मन, कोमल, सुन्दर शारीरिक अवस्था, अर्जुनलाई आङ्गिक चालद्वारा निमन्त्रणा गरिरहेको, उद्दीप्त वातावरण, शरीर स्पर्शका लागि आतुर भएको प्रसङ्ग अन्तर्द्वन्द्वयुक्त बन्न पुगेको छ ।

अर्जुन निद्राबाट मुक्त भई आँखा खोलेर हेर्दा आफ्ना सामू उर्वशी कामोद्दीप्त अवस्थामा अङ्कमाल गर्न लागिरेहेकी देखेर आश्चर्य मान्दछन् । मध्य रातको शून्य अवस्थामा कामेच्छा पूर्तिका लागि हाउ-भाउ, कटाक्ष प्रस्तुत छ । उर्वशी अर्जुनलाई आलिङ्गन गर्न उत्ताउलो प्रवृत्ति देखाउँदै एकोहोरो अवस्थामा हेरिरहन्छिन् । उनी उठेर गाउन, नाच्न आह्वान गर्दै अर्जुनसँग भन्छिन्-

उल्लास तथा हास-विलास
के तिमीसित क्यै छैन ?
सुन्दरताले प्रेम उकास्ने
शाश्वत सत्य रहेन ? (पृ.३९)

जीवनलाई दण्डित गर्नुको साटो दिव्य अमृत पान गरी सौन्दर्य उपभोग गर्न अर्जुनलाई आग्रह गरिएको छ ।

अर्जुनलाई उर्वशीको कामोद्दीप्त अवस्था देख्दा यथार्थताको ज्ञान हुन्छ । उनी मध्य रातमा आफ्नो शयन कक्षमा आउनुको रहस्य बुझ्दै सम्मानपूर्ण व्यवहार गर्दछन् । उर्वशी अर्जुनको निस्क्रिय व्यवहार देखेर भन्छिन् -

अलिकति झस्की उर्वशी भन्छिन्
क्षणभङ्गुर यै जानी
रसरङ्गहरू यसमा भर्ने
हैन र वास्तव ज्ञानी ? (पृ.५७)

काव्यमा इन्द्रियको उपभोग गरेरमात्र नियन्त्रण गर्न सकिन्छ भनिएको छ । भोगविलासबाट त्रसित भई भाग्दामात्र विजयी बन्न नसकिने भनी उर्वशीले अर्जुनलाई सम्झाएको देखिन्छ । यसरी खण्डकाव्यमा उर्वशीको चाहना, नन्दन वनको प्राकृतिक वातावरण र अर्जुनको उपस्थितिबाट सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व उत्कर्षमा पुगेको छ ।

**(ख) नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व**

मानिस अफ्नो चाहनाअनुसार व्यवहार गरेर सफलता प्राप्त गर्न चाहन्छ । जीवनमा सबैले सोचेजस्तो सधैं र सबैतिर प्राप्त गर्न सक्दैनन् । अघि बढ्दै जाँदा मार्ग अवरुद्ध भई बिच बाटामै यात्रा समाप्त भइदिन्छ । पछि फर्किदा सफलता प्राप्त हुन नसकी निराशा बोध गर्नुपर्ने अवस्था आउँछ । मनोविज्ञानमा नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व दुईवटा लक्ष वा उद्देश्यका बिचमा हुन्छ । व्यवहार गर्दै जाँदा आफ्ना लक्षहरू नकारात्मक अवस्थामा रहेका हुन्छन् । लक्षमा पुग्नलाग्दा अगाडिको मार्ग अवरुद्ध हुन्छ भने पछाडि फर्किएर जीवन बचाउन खोज्दा त्यहाँ पनि असहज अवस्था देखापर्दा नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व विकसित हुनपुग्दछ (सुलेमान र तैबाब, सन्२००४, पृ.१०९) । खण्डकाव्यमा उर्वशी र अर्जुन नकारात्मक अन्तर्द्वन्द्वको सिकार भएका छन् ।

प्रस्तुत खण्डकाव्यमा उर्वशीले आफ्नो आकाङ्क्षा परिपूर्ति गर्ने लक्ष राखेर अघि बढ्ने क्रममा अर्जुनको अनिच्छाका कारण निराश भएर फर्कनु परेको छ । उनी आफ्नो रूपसौन्दर्यका कारण ऋषिमुनिको तपोभङ्ग गराउँछिन् । आफूलाई महान् ठान्ने राजाहरूलाई छटपटिमा पार्न सफल बनिन् भने कति मानवका सामू लज्जित बन्न पुगिन् । उर्वशी कामवासनाले उन्मत्त बनेका अवस्थामा चैतन्यहीन बनेकी छन् । फ्रायडले व्यक्तिसिद्धान्तको चर्चा गर्दा इदम्को व्याख्या गरेका छन् । यसमा जीवन-मूल प्रवृत्ति र मृत्यु-मूल प्रवृत्ति दुईवटा तत्त्व रहने भएकाले इदम्लाई शक्तिको मूल स्रोत मानेको देखिन्छ । यो बाल्यावस्थादेखि नै विकसित हुने भएकाले कामशक्ति (लिबिडो) सँग सम्बन्धित हुन्छ । कुनै वस्तु देख्नासाथ तत्काल उपभोग गर्ने चाहनामा आश्रित भएर रहन्छ (सिंह र तिवारी, सन् २००१, पृ.१९५) ।

झण्डै-झण्डै हाल्न पुगेको
अर्जुनलाई अँगालो !
छिः म अप्सरा, नकचरी कस्ती
के भन्ठाने होला (श्रेष्ठ, २०५८, पृ.२५)

मानिस चेतनाहीन बन्दा सामाजिक मर्यादा र नैतिक मूल्य गुमाउन पुग्दछ । यहाँ चेतना आएपछि उर्वशीले आफूलाई मानिसले देखेर के भने होला, म कस्ती नकचरी भनेर नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्वमा परेको धारणा व्यक्त गरेकी छन् ।

उर्वशी पुतली झैं नृत्य गर्दै जाँदा आफ्नो गति नै अवरुद्ध भएको ठान्दछिन् । अर्जुनका निकट पुगेपछि छाती फुलेर पाउ सञ्चालनमा बाधा हुँदा उर्वशीमा अन्तर्द्वन्द्व अझ सशक्त बन्नपुग्दछ । जीवनको अन्धकारमय लघु यात्रा विद्युतीय तरङ्ग झैं क्षणिकमात्र उज्यालो देखिने, छोटो आयुमा केही गर्न खोज्दा आइपर्ने बाधाव्यवधानसँगै मृत्युको खाडलमा परिने भएकाले मानिस नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्वमा परेको बोध गर्दछन् । अर्जुन क्षणिक भोगविलासका पछि लागेर समुज्ज्वल जीवनलाई विनाशतर्फ आकर्षित गर्ने खालको निमन्त्रणा गरिएको देखेर उनी भन्दछन्-

प्यास लाग्यो भन्दैमा के
म पिउँ राल सिँगान ?
के हो यो सब, के हो के हो,
कस्तो झुट निदान ! (पृ.४७)

लक्षपूर्तितर्फ उन्मुख भइरहेका अवस्थामा उनले उर्वशीको चाहनालाई झुट र असत्य ठानेका छन् । वनवासमा रहेका अर्जुन आफ्नो विजय प्राप्त गर्ने उद्देश्यका कारण तुच्छ भोगमा समर्पित हुन गरिएको आग्रह हुँदा अन्तर्द्वन्द्वमा परेका छन् । उनी आफ्नो मनमस्तिष्कलाई नियन्त्रण गर्दै हाडमासुद्वारा निर्मित नश्वर शरीर अस्तित्वहीन भएको देख्दछन् । उर्वशीको प्रणय प्रस्ताव सुनेर अर्जुन 'आमा' भनी सम्बोधन गर्दछन् । आफूले कामना पूर्ति गर्न चाहेका अवस्थामा विपरीत 'आमा' शब्दको सम्बोधनबाट उर्वशी नकारात्मक अन्तर्द्वन्द्वमा परेकी छन् । उनलाई शिरमा वज्र प्रहार भएझैं लागेको छ ।

सन्न पसेर 'आमा' शब्द
घायल उर्वशी भइन्,
प्वाँख कटेकी ढुक्कुर जस्तै
चेतन-तरुबाट खसिन् । (पृ.५९)

मनोकाङ्क्षा ध्वस्त भएको थाहापाएर आफैंप्रति रिस उठ्छ । घरभरि छताछुल्ल भएको चन्द्रकिरणलाई कालो बादलले छोपेजस्तो अनुभूति भएको छ । चाहना र सौन्दर्यमाथि आगलागि भएर समाप्त गरिदिएको हुँदा संसार शून्य बनेको छ । आफ्ना इच्छा, आकाङ्क्षाका मुनाहरू फक्रन नपाउँदै ओइलाएर उजाड बन्न पुगेका छन् । उनले कसरी म आमा भएँ भनी प्रश्न गर्नुको साटो अपहेलनाको कोर्रा हान्दै धपाइए झैं लागेर अर्जुनप्रति नै आँधी वर्षाउन पुग्छिन् । उनलाई हृदयमा हतियार प्रहार गरेको आभास भएको छ । तिमीले चाहेको भए करबलले उपभोग गर्दथ्यौ भन्दै उनी आफूले चाहनु र नचाहनुको कुनै अर्थ नरहेको देख्दछिन् । उनी अर्जुनको जित र आफ्नो पराजय ठानी पौरुषत्वलाई श्राप दिन पुग्दछिन् । क्षुधाग्रस्त सिंहिनी सिकार खानलाग्दा सिकारीको बाँण प्रहारबाट घाइते भएझैं बनेकी उर्वशी क्रूद्ध बनी होसरहित अवस्थामा पुग्दछिन् । उनी यौवनरूपी मधुप्याला सुक्न गई नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्वमा परेर फर्किन्छिन् । खण्डकाव्यमा अर्जुनको लक्षविपरीत उर्वशीको प्रस्ताव रहेकाले नै अन्तर्द्वन्द्व गतिशील बन्न पुगेको छ । सौन्दर्यको अहम् र प्रणययाचना कुण्ठित र अपमानित भएका कारण पनि काव्यमा अन्तर्द्वन्द्वले स्थान पाएको देखिन्छ ।

**(ग) सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व**

लक्षपूर्ति गर्नखोज्दा सफलता प्राप्तितर्फ उन्मुख उने क्रममा सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व प्रकट हुन्छ । दुई व्यक्तिका भिन्न प्रस्ताव, उद्देश्यका कारण यस्तो अन्तर्द्वन्द्व हुन्छ । दुवैले आ-आफ्ना तर्क पेश गर्दा ठिक-ठिक गरे पनि एउटाको कुरा अर्कालाई स्वीकार्य नभएका अवस्थामा बाध्य भएर मान्न कर लाग्न सक्छ । व्यक्तिका सम्मुख एउटै लक्ष हुन्छ र त्यसलाई प्राप्त गर्न चाहन्छ अनि त्यसै समय लक्षबाट टाढा हुन खोज्दछ (सिंह र तिवारी, सन्२००१, पृ.१२९) । समाजमा केही गरेर देखाउने इच्छा भए पनि त्यसलाई तत्काल कार्यान्वयन गर्न नचाहँदा सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व हुन्छ । चाहना भएर पनि समस्या समाधान गर्न कठिनाइ देखापर्दछ । उर्वशी खण्डकाव्यभित्र दुई पात्रका भिन्न विचारले यसलाई उचाइमा पुऱ्याएको छ ।

मानवीय विचार, चिन्तनभित्र विभिन्न कुराका पत्रहरू लहराउँछन्, तिनलाई एउटा मनले स्वीकार गर्दछ भने अर्को मनले क्षणिक सन्तुष्टिका लागि अन्धकारमा किन पर्ने भन्ने कुराले सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व विकसित हुन्छ । मनको कलुषित भावलाई पन्छाएर ज्ञानरूपी फूलहरू पुष्पित भएपछि मात्र जीवन सफल हुने विचार यहाँ प्रस्तुत भएको छ-

काटी कलुषित-कण्टक-कष्ट
दुःखको खाडल पारि,
भेटिन्छ यहीँ स्वर्णप्रभात
मानस-मोहनकारी । (श्रेष्ठ, २०५८, पृ.४)

स्वर्गीय सुन्दरता सहरीया वातावरणमा प्राप्त हुँदैन । यहाँ कविले निराशा मात्र प्राप्त हुने भएकाले पृथ्वीलाई मरूथली भनी उल्लेख गरेका छन् । मानसिक कल्मष पखाल्ने नन्दनवनको दिव्यता र पृथ्वीको उजाड परिवेशबाट सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व देखापरेको छ । स्वर्ग ईश्वरीय सृष्टि भएकाले प्रेम, मिलनबाट जीवन आकर्षक बन्न पुग्दछ । स्वर्गमा दानवहरूको उत्पात मच्चिन लागेपछि देवताहरूको आग्रहमा अर्जुन दानवहरूसँग युद्ध गर्न गएर स्वर्गलाई सुरक्षित तुल्याए । युद्धमा देवताहरूको विजय र असुरहरू पराजित भएका छन् । सांसारिक मोहभन्दा वैराग्यतर्फ उन्मुख व्यक्तिहरूमा मोहित गराउने उर्वशी आकर्षक सौन्दर्यद्वारा सजिएर देखापर्दछिन् । उनी आफ्नो सौन्दर्य र चाहनाका कारण अन्तर्द्वन्द्वको सिकार भएकी छन् ।

यी आँखाको विश्राम कहाँ ?
मेरो जीवन-सार कहाँ ?
मेरो चिरतम त्यो लक्ष्य कहाँ ?
खोज्छु यसोरी जान कहाँ ? (पृ.२३)

उर्वशीका मनमा आफ्नो चाहना परिपूर्ति नभएर 'म उर्वशी हू' भन्ने पराहम् रहेकाले अन्तर्द्वन्द्व सशक्त बनेको छ । उनी आफ्नो व्यक्तित्वअनुसारको सुविधा प्राप्त गर्न नपाएर चिन्तित बनेकी छन् र उनका इदम् र पराहम्बिच द्वन्द्व भएको छ । सुन्दर रूप, शारीरिक अवस्थानुसार सम्मान पाउनुपर्ने तर के पाएँ आज त्यसैको खोजिमा रहेकी थिएँ भन्दै अर्जुनका निकट पुगेकी छन् । इदम्ले कुनै वस्तु, व्यक्ति राम्रो लागेर आफ्नो बनाउने चाहना र पराहम्ले त्यस्तो अनुचित कार्य गर्नु हुन्न भनी निषेध गर्दा अन्तर्द्वन्द्व गतिशील बन्दछ । समाजमा आफू अपहेलित भइन्छ वा कसैले पो केही भन्दछ कि ? भन्ने आशङ्का प्रकट हुन्छ (सिन्हा र मिश्रा, सन्२००२, पृ.९३) । उर्वशी अर्जुनलाई प्राप्त गरी आफ्ना मनको भारी विसाउन चाहन्छिन् ।

उर्वशीमा मानसिक अस्थिरता रहेको देखिन्छ । धैर्यरहित अवस्थामा पनि आफ्नो सौन्दर्य देखेर लज्जा बोध भएको छ । म आज कतातिर जाँदै छु, मनको आराध्य वस्तुकै पूजा गरे पनि पूर्ण होला न होला भन्ने अन्तर्द्वन्द्व रहेको छ । उनी अर्जुनलाई 'साध्य' ठानेर प्राप्त गर्न चाहँदा उनलाई म निर्लज्ज बन्दै त छुइन ? भन्ने चिन्ताले सताएको छ । उर्वशी अर्जुनका जति नजिक पुग्दछिन् त्यति नै मनमा ढुकढुकी बढ्दै जान्छ । उनी अर्जुनका शयनागारमा पुगेका अवस्थामा सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्वको सिकार भएकी छन् -

छोऊँ छोऊँ मन अति हुन्छ
तर छुन साहस हुन्न,
चुमूँ चुमूँ कति मनमा हुन्छ
तर उसै चुम्न सकिन्न ।(श्रेष्ठ, २०५८, पृ.३४)

उर्वशीमा अर्जुनलाई जति हेऱ्यो उति नै हेर्ने चाहना सशक्त बन्दै जान्छ । उनी बोल्न खोज्दा आवाज निस्कदैन, पहिलादेखि नै प्राप्त गर्ने चाहनाले मूर्त रूप पाउन लागेकोमा खुसी बनेकी छन् । उनले आफूलाई देख्नासाथ मोहित भएर अर्जुन आइपुग्दछन् भन्ने ठाने पनि आकर्षित नहुदा आश्चर्य मान्दछिन् । सुन्दरताको उपभोग गर्न छाडी निराश जस्तो भएको देख्दा सौन्दर्य उपभोग गर्न आग्रह गर्दछिन् ।

अर्जुनमा भएको भोगप्रतिको नकारात्मक सोचाइ र उर्वशीमा रहेको आकर्षणबाट सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व सशक्त बनेको छ । यस्तो सुन्दर प्राकृतिक सिर्जनाप्रति रहने आकर्षणलाई समाप्त गर्न खोज्नु राम्रो होइन । यस्तो स्वर्णिम अवसर परित्याग गर्नु नहुने कुरा अर्जुनलाई सम्झाउँदै भन्दछिन्-

निर्माणसँग नजिस्क नजिस्क,
धूलो पीठो हौला,
नियम प्रकृतिको तोड्न नखोज,
भस्म खरानी हौला, (पृ.४१)

भाग्यले जुराएको सुन्दर प्रणयभोग गर्न छाडेर जड बन्न खोज्नु राम्रो होइन भनी सम्झाउँदा अर्जुन त्यसलाई बेवास्ता गर्दछन् । उर्वशीको हाउ-भाउ हेर्दै बसेका अर्जुनभित्रै के गर्ने, के नगर्ने भन्ने अन्तर्द्वन्द्व भएको प्रसङ्ग यहाँ प्रस्तुत छ-

मन हुन्छ उठी हात समाउन
अर्को भन्दछ-हैन,
सुधा-पान छ, गरल-असर छ
यसलाई छुन हुन्न । (पृ.४३)

अर्जुन उर्वशीको दिव्य रूप देखेर विर्सन खोज्दा पनि विर्सन नसकिने भएकाले के गर्ने भन्ने अन्तर्द्वन्द्वमा परेका छन् -

शान्ति अशान्ति दोभानमहाँ
मनको नाउ छ ढलपल,
छाडूँ, पक्रूँ-बिचको द्वन्द्व
हृदय छ अलमल अलमल । (पृ.४३)

अर्जुन उर्वशीका सामुबाट उम्कन खोज्दछन् । उर्वशीको आकर्षणसहित प्रणय याचना हेर्न नसकी आँखा चिम्लेर भए पनि बिर्सन खोज्दछन् । उनीभित्र चेतन र अचेतन मनबिच अन्तर्द्वन्द्व देखापरेको छ । काव्यमा श्रेष्ठले पात्रका मनको गहनता खोतलेका छन् (जोशी, २०४४, पृ.२५६) । यसरी उनलाई कहाँ जाउँ, के गरूँको अवस्थाबाट सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व भएको छ । अर्जुन उर्वशीको चाहनालाई स्विकार्ने कि के गर्ने भन्ने कुराको दोधारमा परेका छन् ।

वैभव रुचिको सिन्धु अघिल्तिर
हामफालूँ मन हुन्छ
भोग्न प्रयोजन हैन त यसको-
सिर्जन नै किन हुन्छ ! (श्रेष्ठ, २०५६, पृ.४५)

अर्जुनका सामू रहेका राग र विराका दुईवटा पक्षमध्ये कुनमा पाइला राख्ने ? भन्ने अन्योल रहेको छ । यो सांसारिक मोह क्षणभङ्गुर रहेको छ भन्ने कुराले सच्चिदानन्द प्राप्तिमा सघाउ पुऱ्याएको छ । मृत्युबाट विजय प्राप्त गरेमात्र अमृत प्राप्त हुनसक्छ । भौतिक विषयबाट अलग हुँदा आत्मिक शान्ति प्राप्त हुन्छ । यहाँ सत्य र भ्रान्तिबिच सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व भएको छ । यहाँ वासना, आध्यात्मिक शान्तिबिच द्वन्द्व भएको देखिन्छ ।

अर्जुन इन्द्रिय सुखबाट जीवन सन्तुष्ट नहुने भएकाले भोगप्रति अनुरागरहित बनेका छन् । कठोपनिषदका अनुसार विद्वत्जन इन्द्रिय सुखलाई अनित्य र सत्यरहित भएको ठान्दछन् । ज्ञानवान् मनुष्य सांसारिक मोहलाई तुच्छ र क्षणभङ्गुर हो भन्ने जानेर आन्तरिक सुखमा लाग्दछन् (ईषादि नौ उपनिषद्, २०६८, पृ.११०) । प्रस्तुत काव्यमा इन्द्रिय सुख र सत्मार्गीबिच अन्तर्द्वन्द्व रहेको पाइन्छ । अर्जुन चञ्चल चित्तलाई नियन्त्रण गरेमात्र परम तत्त्व प्राप्त हुने ठान्दछन्-

चञ्चल मन जति जित्न सकिन्छ
सुख त्यो नजदिक पर्दछ
जीवन सार्थक बन्दै-बन्दै
परम तत्त्व भेटिन्छ । (श्रेष्ठ, २०५८, पृ.५१)

मनलाई नियन्त्रण गर्न खोज्दा क्षणिक आनन्दबाट सधैं पछि परिन्छ । विषय भोगबाट माथि उठेमात्र विजय प्राप्त हुने विचार प्रस्तुत भएको छ । सांसारिक सुन्दरता कालान्तरसम्म नरहने हुँदा वासनामा आशक्त नहुने धारणा प्रकट भएको छ । यहाँ अर्जुन विषय सुख र विजयको लक्षबिच के गर्ने भन्ने अन्तर्द्वन्द्वमा परे पनि आफूलाई नियन्त्रण गर्दै आध्यात्मिक सुखतर्फ लागेका छन् ।

उर्वशीले अर्जुनका निकट पुगेर मनोकाङ्क्षा पूर्ति गर्ने चाहना राखे पनि पूर्ण हुन पाउँदैन । उनी अर्जुनको कुनै प्रतिक्रिया नपाएपछि लज्जित बनेकी छन् । देख्नासाथ अर्जुनको मन द्रवित होला भन्ने ठानेकी उर्वशीलाई नजिक आएको देखेर 'आमा' भनी सम्बोधन गरेपछि उनमा निराशा प्रकट हुन्छ । मोहरहित अर्जुनको व्यवहारबाट उर्वशीको मानसिकता आहत बनेको हुँदा काव्यमा सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व उत्कर्षमा पुगेको पाइन्छ ।

**निष्कर्ष**

यसरी द्वन्द्वसिद्धान्तका आधारमा उर्वशी खण्डकाव्यको विश्लेषण गरिएको छ । प्रस्तुत उर्वशी खण्डकाव्यका पात्रहरूमा अन्तर्द्वन्द्व रहेको पाइन्छ । काव्यकी नायिका उर्वशी पहिलादेखि नै ऋषिमुनि, राजा-महाराजाहरूलाई मोहित बनाएर आफ्नो मनोकाङ्क्षा पूर्ण गर्दै आएकी छन् । यहाँ महाभारतको वनपर्वमा आधारित कथाअनुसार वनवासमा रहेका अर्जुन शक्ति सञ्चय गर्न आफ्नो पाण्डव समूहबाट अलग भई अन्यत्र लाग्दछन् । स्वर्ग पुगेका उनलाई स्वागत गरिन्छ । उर्वशीको दृष्टि अर्जुनमा परेपछि भोगेच्छा जाग्रत भएर काव्यमा अन्तर्द्वन्द्व विकसित भएको छ ।

उर्वशी स्वर्गमा अर्जुनलाई देखेर मोहित भएपछि आरम्भ भएको कथावस्तु अर्जुनले उर्वशीको चाहनालाई बेवास्ता गरेसम्म काव्य विस्तारित भएको छ । काव्यमा उर्वशी र अर्जुनका भिन्न चाहना एवम् उद्देश्य रहेका कारण अन्तर्द्वन्द्व देखा परेको छ । उर्वशी भौतिक सुखभोगको चाहना राखेर अर्जुनका निकट गएकी छन् भने सत्य, न्याय, कर्तव्य पालन र आध्यात्मिक आनन्दबिच अन्तर्द्वन्द्व रहेको छ । यो काव्यमा प्रयुक्त अन्तर्द्वन्द्व तिन प्रकारको रहेको छ । सकारात्मक-सकारात्मक अन्तर्द्वन्द्व, नकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व र सकारात्मक-नकारात्मक अन्तर्द्वन्द्व रहेको पाइन्छ । आफ्नो मनोकामना पूर्तिका लागि समर्पित भएर लागेका अवस्थामा चाहना विपरीत कार्य गरिदिंदा उर्वशीमा क्रोध उत्पन्न भएको देखिन्छ । खण्डकाव्य दुई पात्रका भिन्न चाहना र भावनाबिच अन्तर्द्वन्द्व उत्कर्षमा पुगेको छ ।

**सन्दर्भ-सूची**


आप्टे, शिवराम वामन.(सन्१९९७).*संस्कृत हिन्दी कोष.* (द्वि.सं.). मोतीलाल वनारसी दास ।

ईशादि नौ उपनिषद्. (२०६८). *ईशादि नौ उपनिषद्.* व्या. हरिकृष्णदास गोयन्का गीताप्रेस ।

आफ्नास्योभ, भिक्टर. (२०५८).*दर्शन शास्त्रको प्रारम्भिक ज्ञान.* (अनु). राजेन्द्र मास्के. सहभागी प्रकाशन ।

काशीनाथ, यज्ञराज. (सन्१९७५). *आधुनिक हिन्दी नाटकौं मे सङ्घर्ष तत्त्व.* गायकवाड, पुस्तकसंसार ।

जोशी, रत्नध्वज. ( २०४४). उर्वशी खण्डकाव्य. *साझा समालोचना.* संपा कृष्णचन्द्रसिंह प्रधान. साझा प्रकाशन ।

पन्त, अर्जुनदेव. (२०६२). *वेदान्त दर्शनसार.* रत्नपुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण. (संपा.). (२०४०). *नेपाली बृहत् शब्दकोश.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भण्डारी, कृष्णप्रसाद.(२०४५). *मानसिक अन्तर्द्वन्द्व र कुण्ठा.* साझा प्रकाशन ।

वर्मा, धिरेन्द्र. (सन्२००८). *हिन्दी साहित्य कोश.* (भाग दुई). ज्ञानमण्डल लिमिटेड ।

वैद्य, मोहन. (२०४८).*भौतिकवाद के हो?.* (दो.सं.). प्रगति पुस्तक सदन ।

शर्मा, चन्द्रधर.(सन्२०१३).*भारतीय दर्शन.* वनारसी दास ।

शर्मा, जे.डि. (सन्१९७४). *मनोविज्ञान की पद्धतियाँ एवम् सिद्धान्त.* विनोद पुस्तक मन्दिर ।

श्रीवास्तव, जगदीश सहाय.(सन् १९६८).*ग्रीक दर्शन का इतिहास.* किताब महल ।

श्रीवास्तव, रामजी. र अन्य.(सं.पा.) (सन्२००१). *आधुनिक असामान्य मनोविज्ञान.* (दो.सं.). मोतीलाल वनारसीदास ।

श्रेष्ठ, सिद्धिचरण.(२०५८).*उर्वशी.* (सातौं सं.). साझा प्रकाशन ।

सिन्हा, राजराजेश्वरी प्रसाद र मिश्रा, बि.के.(सन् २००२). *असामान्य मनोविज्ञान.* (पुनर्मु.). भारती भवन ।

सिन्ह, लाभ र तिवारी, गोविन्द. (सन्२००१) *असामान्य मनोविज्ञान.* विनोद पुस्तक मन्दिर ।

सुलेमान, मुहम्मद र मुहम्मद, तैबाब. (सन् २००४). *असामान्य मनोविज्ञान.* मोतीलाल वनारसीदास ।

हर्नवाइ, ए.एस्.(सन्२०००). *अक्सफोर्ड एडभान्स लर्नर डिक्सनरी.* (सिक्थ एडिसन). इन्दिरा प्रिन्टर्स ।